नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
सानोठिमी, भक्तपुर
**प्रकाशित मितिः २०८१/०८/१३**

काठमाण्डौं फरेष्ट्री कलेजमा विएस्सी फरेष्ट्री **(B.Sc.Forestry)** विषयको छात्रवृत्तिमा निःशुल्क अध्ययनका लागि दरखास्त माग गरिएको सम्बन्धी जरुरी सूचनाः

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा शाखाको च.नं.१०५, मिति २०८१।०८।११ को प्राप्त पत्रानुसार नेपाल सरकारलाई त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त काठमाण्डौं फरेष्ट्री कलेजमा शैक्षिक वर्ष २०८१-०८५ सालको लागि स्नातक तहको BSc Forestry विषयमा छात्रवृत्तिमा अध्ययनका लागि ५ (पाँच) जना विद्यार्थीहरु साधारण तथा समूहगत रूपमा सिफारिस तथा मनोनयन गर्नुपर्ने भएकाले छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (संशोधन सहित) अनुसार योग्यताक्रम कायम एवम् मनोनयन गर्ने प्रयोजनार्थ देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट तपसिल बमोजिमका कागजातसहित दरखास्त आह्वान गरिएको छ ।

१) दरखास्तका लागि आवश्यक न्यूनतम योग्यता :

क) त्रिवि अन्तर्गत वनविज्ञान अध्ययन संस्थान, डिनको कार्यालयले २०८१ सालमा सञ्चालन गरेको स्नातक तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख) दरखास्तका लागि तोकिएको समूह तथा सिट :

(१) साधारण समूहमा ३ सिट

(२) आरक्षण समूहः महिला १ सिट र जनजाति १ सिट

२) दरखास्त दिने म्यादः मिति २०८१ साल मंसिर १४ गतेदेखि २०८१ साल मंसिर २२ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखा, सानोठिमी, भक्तपुर (साविक दूर शिक्षा केन्द्र) मा दरखास्त दिन सकिने छ । दरखास्तको नमुना यसै साथ संलग्न छ ।

३) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरूले राजस्व वापतको रकम रु १,०००।– (अक्षरेपी एक हजार रुपैंया मात्र) राष्ट्रिय वाणिज्य बैङ्क, कार्यालय कोड नं ३५०००३५०१ तथा राजश्व शीर्षक नं १४२२९ मा दाखिला गरी सोको सक्कल भौचर समेत संलग्न राखी दरखास्तसाथ पेश गर्नुपर्ने छ। भौचर भर्ने नमूना यसै सूचनाको पृष्ठ भागमा दिइएको छ ।

४) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः

- पूर्ण रूपमा भरिएको आवेदन फाराम,
- राजस्व बुझाएको सक्कल भौचर,
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
- त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान, डिनको कार्यालयले २०८१ सालमा सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर, Rank / Merit, विषय,
- १०+२ वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript को प्रतिलिपि,
- SEE/SLC परीक्षाको मार्कसिटको प्रतिलिपि,
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए नेपालको सम्बन्धित बोर्डबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको प्रतिलिपि,
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम, थर, जन्ममिति फरक भएमा एउटै व्यक्ति हो भन्ने व्यहोराको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि,

ख सामुदायिक विद्यालय तर्फको आरक्षण समूह **(Community School Group )**

विपन्नताको सिफारिस, सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाण समेत ३ वटै प्रमाण पेश गर्नसक्ने उम्मेदवारहरू मात्र सामुदायिक विद्यालय समूहमा पर्ने हुनाले यस्ता समूहमा दरखास्त दिन इच्छुक उम्मेदवारले यी तीनै वटा कागजात दरखास्त साथ पेश गर्नुपर्ने छ। साधारण समूहका लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१) SLC/SEE उत्तीर्ण गरेको विद्यालय सामुदायिक/सरकारी हो भनी सम्बन्धित स्थानीय निकाय वा शिक्षा, विकास तथा समन्वय इकाइले प्रदान गरेको सिफारिस पत्र,

२) सम्बन्धित गाउँपालिका/ नगर/उपमहानगर/ महानगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० (संशोधन सहित) को अनुसूची १ अनुरुपको ढाँचामा मिति २०८१ साल मंसिर १४ गतेदेखि २०८१ साल मंसिर २२ गतेसम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र (नमुना यसैसाथ दिइएको छ )

३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिस पत्र ।

- जनजातिको सिफारिस : आदिवासी, जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको सिफारिस पत्र,

ग) Other School Group अन्य विद्यालय तर्फको आरक्षण समूह

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले माथि General Group साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुदा नं ख (३) मा तोकिएको निकायको सिफारिस पत्रको फोटोकपी प्रति पेश गर्नुपर्ने छ ।

आरक्षणका लागि माग गरिएको कुनै पनि कागजात दरखास्तसाथ समावेश नभएमा आरक्षण तर्फको दरखास्त अस्वीकृत भई स्वतः साधारणतर्फ मात्र कायम हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । शर्त बन्देज राखी कुनै पनि दरखास्त दर्ता गरिने छैन ।

५. योग्यताक्रमः

रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले २०८१ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज, प्रमाण समेतको आधारमा नियमानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गर्ने छ ।

६. अन्य विद्यालय समूहले पाउने अवसरः आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी माथि उल्लेख गरिएका कागजात पेश गरेका उम्मेदवारहरूलाई पहिलो प्राथमिकता दिइने छ । सामुदायिक समूहमा कुनै पनि उम्मेदवार नभएको अवस्थामा मात्र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ । सो पनि नभएको अवस्थामा छात्रवृत्ति सम्बन्धी नियमावलीबमोजिम सो आरक्षित सिट साधारण समूहमा रुपान्तरण गरी वितरण गरिने छ ।

*पुनश्चः फारम भर्ने क्रममा कुनै समस्या भएमा मात्र शाखाको फोन नं ०१-६६४५४४२ मा फोन गरी जानकारी लिन सकिने छ ।*

दर्ता नं
मिति

फोटो

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सानोठिमी, भक्तपुर ।

**विषय : मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०८१/०८/१३ मा प्रकाशित सूचना अनुसार BSc. Forestry विषयको स्नातक तहमा निःशुल्क छात्रवृत्तिमा अध्ययन गर्न योग्य भएको त्रिवि अन्तर्गत वनविज्ञान अध्ययन संस्थान, डिनको कार्यालयले २०८१ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारवाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. वनविज्ञान अध्ययन संस्थान, डिनको कार्यालय
नम्बरः

| योग्यताक्रम(Rank) | अङ्क | अक्षर | रोल नं | प्राप्ताङ्क | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपालीमा | | | | नेपालीमा | | |
| in English | | | | in English | | |

**आवेदन गरेको समूह (टिक लगाउनुहोस् ।**

| क.स. | समूह | (√) चिह्न दिनुहोस् | सामुदायिक | अन्य विद्यालय |
|---|---|---|---|---|
| १ | साधारण | | | |
| २ | महिला | | | |
| ३ | जनजाति | | | |

निवेदक : नाम,थर : ............................................................ Name In English : ......................................................

जन्म मिति विक्रम संवत् : .......................................................... इस्वी संवत् : ...............................

दरखास्त दिँदाको बखतको उमेर : ................वर्ष सम्पर्क फोन.नं./मोवाईल नं. : .........................................

इमेल : ..........................

अभिभावकको नाम, थर :................................................ सम्पर्क फोन नं/मोवाइल नं. : ......................................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ, झुट्टा ठहरे कानुन वमोजिम सहुँला, बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएवमोजिमको मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखत.................................

मिति................................

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं, नेपाल

नमूना

| बैंकको छाप | राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय ........ राजस्व दाखिला फाराम (Deposit Slip) | अनुसूची २४ |
|---|---|---|

दाखिला फाराम (Deposit Slip) नं. 11055313 मिति ..........

राजस्व खाता रहेको बैंक शाखा: राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय

बैंक खाता नं. | १ | ० | ० | ० | १ | ० | ० | ३ | ० | ० | ० | १ | ० | ० | ० | ० |

राजस्व संकलन भएको प्रदेश: ____ जिल्ला ____

स्थानीय तह ____

(रोयल्टीको हकमा कुन प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोत उपयोग बापतको हो अनिवार्य खुलाउनु पर्नेछ।)

प्रयोजन: छात्रवृत्ति प्रयोजन

कार्यालयको कोड: ३ ५ ० ० ० ३ ५ ० १

कार्यालयको नाम: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

राजस्व शिर्षक नं.: १ ४ २ २ ९

दाखिला भएको रकम रु. अंकमा: १००० —

अक्षरमा: एकहजार रुपैयाँ मात्र —

आय वर्ष: २०७९/२०८० मूल्य अभिवृद्धि कर: छ ☐ छैन ☐

बापत: छात्रवृत्ति प्रयोजन

भुक्तानीको प्रकार: नगद/साधारण चेक/गुडफर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतिय ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं. ____

जारी गर्ने बैंक र शाखा: ____

दाखिला गर्ने फर्म/व्यक्तिको नाम: विद्यार्थीको नाम लेख्ने

ठेगाना/फोन नं. समेत: विद्यार्थीको ठेगाना र फोन नं. लेख्ने

भ्याट/पान नं. ____

विद्यार्थीको सही

बैंकले भर्ने:

कारोबार संकेत नं. ____

दाखिला रकम ____

मिति: ..........

रकम दाखिला गर्नेको सही — प्रमाणित गर्नेको हस्ताक्षर

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ। RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजस्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ। यस राजस्व दाखिला फारमको सट्टा www.rajaswa.fcgo.gov.np मा log in गरी भौचर भर्न सकिने छ।

| दर्ता नं |
|---|
| मिति |

| फोटो |
|---|

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सानोठिमी, भक्तपुर ।

**विषय : मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०८१/०८/१३ मा प्रकाशित सूचना अनुसार BSc. Forestry विषयको स्नातक तहमा नि:शुल्क छात्रवृत्तिमा अध्ययन गर्न योग्य भएको त्रिवि अन्तर्गत वनविज्ञान अध्ययन संस्थान, डिनको कार्यालयले २०८१ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारबाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. वनविज्ञान अध्ययन संस्थान, डिनको कार्यालय

नम्बर:

| योग्यताक्रम(Rank) | अङ्क | अक्षर | रोल नं. | प्राप्ताङ्क | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपालीमा | | | | नेपालीमा | | |
| in English | | | | in English | | |

**आवेदन गरेको समूह (टिक लगाउनुहोस् ।**

| क्र.स. | समूह | (√) चिह्न दिनुहोस् | सामुदायिक | अन्य विद्यालय |
|---|---|---|---|---|
| १ | साधारण | | | |
| २ | महिला | | | |
| ३ | जनजाति | | | |

निवेदक : नाम,थर : ............................................................ Name In English : ......................................................

जन्म मिति विक्रम संवत् : ........................................................ इस्वी संवत् : ...............................

दरखास्त दिँदाको बखतको उमेर : ................वर्ष सम्पर्क फोन.नं. / मोबाईल नं. : .........................................

इमेल : ..........................

अभिभावकको नाम, थर :............................................... सम्पर्क फोन नं / मोबाइल नं. : .......................................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला, बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएबमोजिमको मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

| दायाँ | बायाँ |
|---|---|

दस्तखत.................................

मिति...............................